# मधेशी आयोग

ज्वागल, ललितपुर

फोन नं: ०१-५२६११८५

टोल फ्रि नं: १६६००११६१८५


२०८० जेठ २६

## लु बाट बचौं र बचाऊँ

विगत केही दिनदेखि नेपालमा अत्याधिक तामक्रम बढेको छ । त्यसमा पनि तराई मधेशका जनपुरधाम, भैरहवा, सिमरा, नेपालगंज लगायतका स्थानहरुमा बढी तापक्रम मापन भएको छ । जनजीवन प्राय; अस्त-व्यस्त भएको छ । शिक्षण संस्थानहरु बन्द भएका छन् । जल तथा मौसम विज्ञान विभागको जलवायु पूर्वानुमान महाशाखाको अनुसार तराई मधेशका जिल्लाहरुको तापक्रमले उच्च तह पार गरेको छ ।

तातो हावा तथा लु बाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउँको दुख्ने, खुट्टा बाउँडिने, चक्कर लाग्ने, बेहोस हुने, मांसपेशी दुख्ने, आदि लक्षण देखिन्छ । लु तथा तातो हावाबाट बच्नको लागि घर बाहिर नजान, चिसो-शितल स्थानमा बस्न, सुतिको कपडा लगाउन, बाहिर निस्कदा टाउको छोप्न, टोपि लगाउन, नियमित पानी तथा प्रसस्त झोल पदार्थ पिउन र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीहरुसँग सम्पर्कमा रहन स्वास्थ्यविदहरुले सल्लाह दिएका छन् । यसका साथै यस प्राकृतिक विपदबाट बचाउन स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारका साथै अन्य सरोकारवाला संघसंस्थाहरुले सहकार्यात्कम र समन्वयात्मक रुपमा आवश्यक कार्य गर्न आयोग हार्दिक अपिल गर्दछ ।

रुद्र प्रसाद लामिछाने

**सचिव**